# कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपाल

## विधान

दास्रो संशोधन २०७५

## १. प्रस्तावना :

कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको महत्व जुनसुकै युगमा पनि रहेको थियो । आधुनिक युगमा त यसको महत्व झन् बढेर गएको छ । आधुनिक युगमा कम्प्युटर विज्ञान तथा सुचना प्रविधिनै ज्ञान हो र ज्ञान नै शक्ति हो । जो सँग सुचना छ, जो सँग प्रविधि सम्बन्धी ज्ञान छ त्यो व्यक्ति, त्यो देश शक्तिशाली हुन्छ । यस्तो महत्व बोकेको कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा काम गरि सि.एस.आई.टि.को विकासमा भूमिका निर्वाह गर्न पाउँनु हाम्रो गौरवको कुरा हो । विश्व कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको तीव्र गतिमा दौडी रहेको छ । यस सँगै मानिसका इच्छा आकांक्षा र चाहनाहरु बढ्दै गएको छन् । ती कुराहरु पूरा गर्न मानिसले धेरै कुराहरु परिवर्तन र परिस्कार गर्दै अगाडी बढ्नु पर्ने हुन्छ । परिवर्तित विश्व सन्दर्भले कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा काम गर्ने हरुको नै महत्वपूर्ण भूमिका रहन्छ । समय सापेक्ष अगाडी बढेर कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको विकास गर्नु आज हामी सबैको कर्तव्य हो भन्दै सुचना प्रविधिका सहकर्मीहरुलाई एउटै मञ्चमा ल्याई देशमा सुचना तथा संचार प्रविधि र विद्युतिय शासनको विकासमा सरकारलाई सहयोग गर्न तथा सुचना प्रविधिको अधिकतम उपयोग र व्यवस्थित गर्नु पर्ने भएको हुदा यस “कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपाल” नामक संस्थाको विधिवत रुपमा स्थापना गरी यो विधान जारी गरिएको छ । यो विधान संस्था दर्ता ऐन २०३४ को परिधिमा रही तर्जुमा गरिएको छ ।

# परिच्छेद - १

**१.१ संक्षिप्त नाम तथा प्रारम्भ :** यस संस्थाको नाम कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपाल अर्थात छोटकरीमा सि.एस.आई.टी.एन रहने छ । अंग्रेजीमा Computer Science and Information Technology Association of Nepal वा CSITAN रहने छ ।

**१.२ संस्थाको कार्यालय :** सि.एस.आई.टी.एन को मूख्य कार्यालय उपत्यकामा रहनेछ ।

**१.३ संस्थाको कार्यक्षेत्र :** यस सि.एस.आई.टी.एन को कार्यक्षेत्र देश भरी विस्तार गरीने छ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृत लिई शाखा, उपशाखा विस्तार गरीनेछ ।

**१.४ प्रारम्भ :** यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.५ संस्थाको अस्तित्व** : यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनितिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :

२.१ संस्था भन्नाले कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपाललाई जनाउछ ।

२.२ विधान भन्नाले कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपालको विधानलाई जनाउँछ ।

२.३ तोकिएको वा तोकिए बमोजिम भन्नाले विधानको धारा २७ ले दिएको अधिकार प्रयोग गरि बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

२.४ पदाधिकारी भन्नाले कार्य समितिको सदस्य एवं पदाधिकारीलाई जनाएको सम्झनु पर्दछ ।

२.५ स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

२.६ संबद्ध संस्था भन्नाले कम्प्युटर विज्ञान तथा सुचना प्रविधि एशोसिएशन अफ नेपाललाई उद्देश्यसंग मेल खाने गरी कार्यक्रम संचालन गर्ने भनी विधिवत रुपले स्थापना भई सि.एस.आई.टी.एन. संग सम्झौता गर्ने संस्था वा समुहलाई सम्झनु पर्दछ ।

२.७ समिति भन्नाले यस विधानको दफा १३ बमोजिम गठित विभिन्न कार्य समितिलाई जनाउँदछ ।

२.८ सदस्य भन्नाले विधान बमोजिम सदस्यता लिएको व्यक्ति जनाउँदछ ।

२.९ सभा भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

**३. सि.एस.आई.टी.एन.को छाप र चिन्ह :**

३.१ प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी अनुसुचि १ बमोजिमको सि.एस.आई.टी.एन को आफ्नो छुट्टै छाप तथा चिन्ह हुनेछ ।

## ४. सि.एस.आई.टी.एन को उद्देश्य :

४.१ कम्प्युटर विज्ञान तथा सुचना प्रविधि क्षेत्रका दक्ष एवं अनुभवि व्यक्तिहरुलाई एउटै छाता संगठनमा आवद्ध गराई, मुलुकको वर्तमान कम्प्युटर विज्ञान तथा सुचना प्रविधि क्षेत्रमा नौलो आयामका साथ अघि बढाउने टेवा पुऱ्याउने ।

४.२ मुलुकभर छरिएर रहेको कम्प्युटर विज्ञान तथा सुचना प्रविधिक्षेत्रका प्राविधिज्ञहरुको कार्य कौशलता एवं दक्षतामा अभिवृद्धि गराउन सहयोगि भुमिका निर्वाह गर्ने ।

४.३ कम्प्युटर विज्ञान तथा सुचना प्रविधि क्षेत्रमा भएका नयाँ गतिविधि एवं प्रविधिको वारेमा विभिन्न सभा, गोष्ठि, पत्रपत्रिका, ईमिडिया तथा संचार मार्फत विकास, विस्तार एवं अधिकतम उपयोग गर्न, सूचना प्रविधिको बारेमा जनचेतना फैलाउन, नयाँ प्रविधि भित्राउन सहयोग गर्ने ।

४.४ सुचना प्रविधिको माध्यमवाट विभिन्न सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाहरुलाई व्यवस्थित गर्न सहयोग गर्ने ।

४.५ सरकारसंग सहकार्य गरी देशमा सुचना तथा संचार प्रविधि र विद्युतिय सरकारको विकासमा सहयोग गर्ने र गर्न लगाउने ।

४.६ सुचना संचार प्रविधि माध्यमबाट ग्रामिण जनताको आर्थिक उन्नति तथा दुर्गम क्षेत्र सम्म पहुच पुऱ्याउन टेवा पुऱ्याउने ।

४.७ सुचना प्रविधिका जनशक्ति व्यवस्थापनमा सरकारसंग सहकार्य गर्ने र e-Governance कार्यान्वयनमा टेवा पुऱ्याउने ।

४.८ कम्प्युटर विज्ञान तथा सुचना प्रविधि शिक्षाको विकासको लागि सम्बन्धित निकाय संग सहकार्य गर्ने ।

४.९ सरकारसंग सहकार्य गरी देशमा सुचना तथा संचार प्रविधि काउन्सिलको अवधारणा ल्याउने ।

४.१० सुचना प्रविधिको विकासमा नेपाल सरकार संग स्वीकृत लिई राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था संग सहकार्य गर्ने ।

४.११ सुचना प्रविधिको विकासमा बैकल्पीक उर्जा प्रयोग गरि Sustainable कार्यक्रम ल्याई दुर्गम जिल्ला वा ठाउँमा अधिक्तम लाभ पुऱ्याउने ।

४.१२ कम्प्युटर विज्ञान तथा सुचना प्रविधि सबैको अधिकार भन्ने धारणालाई व्यापक पार्न सहयोग गर्ने ।

## ५. सि.एस.आई.टी.एन को उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

यस सि.एस.आई.टी.एन को उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गरिने छ :

५.१ सि.एस.आई.टी.एन ले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

५.२ सि.एस.आई.टी.एन लाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता

कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

५.३ संस्थालाई आवश्यक पर्ने कार्मचारी नियुक्ति गर्ने तथा सेवा सर्तहरु निर्धारण गर्नेछ ।

# परिच्छेद - ३

## सदस्यता

### ६. सदस्यहरुको बर्गिकरण :

यस सि.एस.आई.टी.एन का देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको बर्गिकरण गरिएको छ ।

**क) साधारण सदस्य :**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि व्यक्तिले तोकिएको प्रकृया अन्तर्गत रहि सि.एस.आई.टी.एन को सदस्यता प्राप्त गर्ने व्यक्तिहरु सदस्य हुने छन् ।

**ख) संस्थापक सदस्यहरु :**

यस सि.एस.आई.टी.एन दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले सादारण वा आजिवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**ग) कार्यकारी सदस्यहरु :**

यस विधानको दफा १० उपदफा ३ बमोजिका सदस्यहरु कार्यकारी सदस्य हुनेछन् ।

**घ) मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा नेपाली नागरीक लाई सि.एस.आई.टी.एनको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस सि.एस.आई.टी.एन. को सदस्यको लागि देहाय बमोजिम
योग्यता पुगेको हुनु पर्नेछ :

क) त्रिभुवन विश्वविद्यालय अन्तर्गत B.Sc.CSIT (Bachelor of Science in Computer Science and Information Technology) अन्ययन गरिरहेको वा गरिसकेको ।

ख) मानसिक सन्तुलन नगुमाएको ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

घ) नैतिक पतन देखिने फौज्दारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

**८. सि.एस.आई.टी.एनको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :**

देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) यस विधानको दफा ७ बमोजिम योग्यता नपुगेको ।

ख) कार्यसमितिले सदस्यता बर्खास्त गरेको ।

ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको ।

**९. सदस्यताको समाप्ति :**

९.१ देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यतामा वहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) सि.एस.आई.टी.एनको काम कारवाहरुमा बेइमानी वा वदनियत गरी सि.एस.आई.टी.एन.को उद्देश्य विपरित काम गरेको प्रमाणित भएमा ।

ङ) यस विधान वमोजिम सि.एस.आई.टी.एन.ले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) सि.एस.आई.टी.एन. विघटन भइ खारेज भएमा ।

९.२ कुनै व्यक्ति सि.एस.आई.टी.एन.को सदस्यता प्राप्त गरे पश्चात बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि कार्यसमितिले निजलाई सो कुराको सुचना दिई सफाइको सबुद् पेश गर्ने मौका दिइने छ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सकिनेछ।

### १०.१ साधारण सदस्य :

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले सदस्यता शुल्क वापत रु. २०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु.१०० बुझाउनु पर्नेछ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष चैत्र मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिएको बमाजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ।

### १०.२ संस्थापक सदस्य :

क) यस सि.एस.आई.टी.एन. दर्ता हुँदाको बखतका पदाधिकारी संस्थापक सदस्य हुनेछन्।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिम साधारण वा आजिवन सदस्यता प्राप्त गर्ने सक्नेछन्।

**१०.३ कार्यकारी सदस्य :**

क) परिच्छेद ४ को दफा ११ र १२ अनुसार क्षेत्रीय समिति र केन्द्रिय समितिमा निर्वाचित भई कार्य गरिरहेका सदस्यहरु कार्यकारी सदस्य हुनेछन् ।

**१०.४ मानार्थ सदस्य :**

साधारण सभाको निर्णयले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नागरिकलाई सि.एस.आई.टी.एन.को मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

१०.५ कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

१०.६ सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

१०.७ सि.एस.आई.टी.एन.ले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

# परिच्छेद - ४

साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

**११. राष्ट्रिय साधारण सभाको गठन :**

११.१ यस सि.एस.आई.टी.एन.को विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने दफा ६ उपदफा (ग) अन्तर्गतका कार्यकारी सदस्यहरु सम्मिलित सि.एस.आई.टी.एन.को राष्ट्रिय साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् ।

११.२ यस सि.एस.आई.टी.एन.को साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेट ।

ख) विशेष साधारण सभा : सि.एस.आई.टी.एन.को कुल सदस्य संख्याको ७५ प्रतिशत सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्य समितिले १ महिना भित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

११.३ यस सि.एस.आई.टी.एन.का प्रथम वार्षिक साधारण सभा सि.एस.आई.टी.एन. स्थापना भएको मितिले एक वर्ष भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु असार मसान्त भित्रमा गरिने छ ।

११.४ यस सि.एस.आई.टी.एन.को वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोलि सबै साधारण सदस्यहरुलाई सुचना दिइनेछ ।

११.५ उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी समा हन नसकेमा कम्तीमा १ महिना म्याद दिई पुनः साधारण सभा बोलाईनेछ ।

११.६ साधारण सभा र विशेष साधारण सभाको छुट्टै निर्णय पुस्तिका राखिने छ ।

## १२. क्षेत्रीय साधारण सभाको गठन

१२.१ यस सि.एस.आई.टी.एन.को विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक त्यस क्षेत्रका अन्य सदस्यहरु सम्मिलित सि.एस.आई.टी.एन.को क्षेत्रीय साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । क्षेत्रिय साधारण सभा प्रत्येक क्षेत्रको सि.एस.आई.टी.एन.को सर्बोच्च अंग हुनेछ । क्षेत्रीय साधारण सभा सि.एस.आई.टी.एन.को केन्द्रिय कार्यसमितिको प्रतिनिधीको उपस्थितिमा हुनेछ ।

१२.२ प्रत्येक क्षेत्रको क्षेत्रीय साधारण सभा प्रत्येक वर्ष एक पटक असार मसान्त भित्रमा हुनेछ ।

## १३. राष्ट्रिय साधारण सभाको काम कर्तव्य र अधिकार :

**१३.१ राष्ट्रिय साधारण सभाको काम कर्तव्य र अधिकार :**
साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परिक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथी छलफल गरी नियमित

गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परिक्षकको नियुक्ति गर्ने ।

घं) सि.एस.आई.टी.एन.को वार्षिक कार्य प्रगति विवरण र सि.एस.आई.टी.एन.ले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) सि.एस.आई.टी.एन.को कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट सि.एस.आई.टी.एन.को हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) सि.एस.आई.टी.एन.को आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यक्ता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३.२ क्षेत्रिय साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सम्बन्धित क्षेत्रको वार्षिक कार्यप्रगति विवरण पारित गर्ने ।

ख) आर्थिक कार्य प्रगति विवरण पारित गर्ने ।

ग) सि.एस.आई.टी.एन.ले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

घ) क्षेत्रिय कार्य समितिबाट सि.एस.आई.टी.एन.को हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरि अनुमोदन गर्ने ।

ङ) क्षेत्रिय कार्य समितिमा रहने सदस्य संख्या पारित गर्ने ।

## १४. कार्य समितिको गठन :

### १४.१ कार्य समितिको गठन :

### क) केन्द्रिय कार्य समितिको गठन :

यस सि.एस.आई.टी.एन.को केन्द्रिय कार्य समिति काठमाडौंको कार्य समिति रहनेछ र सम्पूर्ण केन्द्रिय काम कारवाहीहरु यसै कार्य समितिद्वारा सञ्चालन हुनेछ । साधारण सभाका सदस्यहरुबाट निर्वाचन प्रक्रियाद्वारा देहाय बमोजिम पदाधिकारीहरु र सदस्यहरु रहने गरी बिजोर संख्याको एक कार्य समिति गठन गरिने छ । यस कार्य समितिको ढाचा देहाय बमोजिम रहने छ :

अध्यक्ष - १

उपाध्यक्ष - १

महासचिव - १

सचिव - २

कोषध्यक्ष - १

सह-कोषाध्यक्ष - १

सदस्यहरु - राष्ट्रिय साधारण सभाबाट पारित संख्या
हुने गरी

**ख) क्षेत्रीय कार्य समितिको गठन :**

क्षेत्रीय साधारण सभाका सदस्यहरु निर्वाचन प्रक्रियाद्वारा देहाय बमोजिमको पदाधिकारीहरु र सदस्यहरु रहने गरी संख्याको एक कार्य समिति गठन गरिने छ।

अध्यक्ष - १

उपाध्यक्ष - १

सचिव - १

सह-सचिव - १

कोषाध्यक्ष - १

सह-कोषाध्यक्ष - १

सदस्यहरु - क्षेत्रिय साधारण सभावाट पारित संख्या

१४.२ कार्य समितिको कार्यकाल सामान्यतया १ वर्षको हुने छ।

१४.३ वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि साधारण सदस्य मध्यबाट कार्यसमितिका सदस्यबाट कार्य समितिद्वारा मनोनित गर्न सकिने छ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो, सो

सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पूर्ति गरिने छ ।

१४.४ कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिाकारीहरुको जम्मा २५ प्रतिशत बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

१४.५ कार्य समितिको पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै कार्यसमितिको बैठक बस्ने छैन ।

१४.६ कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका सदस्यहरु मध्यबाट जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

१४.७ कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

१४.८ कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको निर्णय कितावमा लेखी अभिलेख राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

१४.९ सि.एस.आई.टी.एन.ले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

१४.१० माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापति कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई

निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ।

## १५. कार्य समितिको काम, कर्तव्य र अधिकार

१५.१ सि.एस.आई.टी.एन.को आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने।

१५.२ विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

१५.३ सि.एस.आई.टी.एन.को हितमा हुने कार्यक्रमहरु संचालन गर्ने।

१५.४ साधारण सभा प्रति उत्तरदायी रहने।

१५.५ सि.एस.आई.टी.एन.को उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने।

१५.६ सि.एस.आई.टी.एन.को कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने।

१५.७ सि.एस.आई.टी.एन.को कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंकमा खाता खोली संचालन गर्ने।

१५.८ सि.एस.आई.टी.एन.को कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउनु।

१५.९ दफा ६ र ७ बमोजिम सम्पूर्ण जनशक्तिलाई सि.एस.आई.टी.एन.को सदस्य बनाउने र बन्न लगाउने।

१५.१० सि.एस.आई.टी.एन.को नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५.११ कार्यसमितिका पदाधिकारीबाट कुनै अनुचित वा विधान बिपरित कार्यभएमा कार्यसमितिले सर्वससहमतबाट उक्त पदाधिकारीको पद हेरफेर गर्न सकिनेछ ।

## १६. अन्य

### १६.१ पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

### १६.२ अन्य समितिहरु :

१. यस विधानको परिधि भित्र रहेर सिएसआईटीएनको उदेश्य अनुरुप कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार सल्लाहकार समिति, क्षेत्रिय समिति र अन्य समिति वा उपसमितिहरु गठन गर्न सकिनेछ तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. उपसमितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

### १६.३ राष्ट्रिय समन्वाय समिति

१ यस सिएसआटिएनको कार्य समिति र विधानको परिधि भित्र रहेर वनेका विभिन्न क्षेत्रिय समिति, अन्य समिति वा उपसमितिहरु विच कार्य सम्पादनमा तालमेल गर्ने उदेश्यका निम्ति सवै समितिको

प्रतिनिधित्व हुने गरि एक राष्ट्रिय समन्वाय समिति गठन गर्न सकिनेछ तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२ राष्ट्रिय समन्वाय समितिमा एक संयोजक सहितको कार्य समितिले चयन गरेका सदस्यहरु रहने छन् ।

२ राष्ट्रिय समन्वाय समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

# परिच्छेद - ५

## १७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**<u>१७.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :</u>**

क) समिति र सभाको बैठकहरुको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) सि.एस.आई.टी.एन.को तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) सि.एस.आई.टी.एन.को नेतृत्व लिने ।

ङ) आवश्यक्ता अनुसार बैठकहरु बोलाउन महासचिव वा सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

**१७.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य भार सम्हाल्ने ।

**१७.३ महासचिवको काम, कर्तव्य र अधिकार :**

क) सि.एस.आई.टी.एन.को सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**१७.४ सचिव/सह-सचिवको काम, कर्तव्य र अधिकार :**

कं) महासचिवलाई सहयोग गर्ने ।

ख) अध्यक्ष तथा महासचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) महासचिवको अनुपस्थितीमा निजको कार्य गर्ने ।

**१७.५ कोषाध्यक्ष/सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) सि.एस.आई.टी.एन.को कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखापरिक्षण गराउने ।

**१७.६ सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) सि.एस.आई.टी.एन.को कार्यमा रचनात्मक भुमिकाको निर्वाह गर्ने ।

**१७.७ राष्ट्रिय समन्वाय समितिको संयोजकको काम, कर्तव्य र अधिकार :**

क) राष्ट्रिय समन्वाय समितिको बैठकहरुको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) केन्द्रिय समिति र क्षेत्रिय समिति विच समन्वाय गरि कार्यक्रमहरु तय गर्ने ।

**१८. गणपूरक संख्या :**

१८.१ कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थिती नभै साधारण सभाको काम कारवाही हुने छैन ।

१८.२ तर विधानको दफा ११ को उपदफा २ को (ख) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

# परिच्छेद - ६

## आर्थिक व्यवस्था

**१९. सि.एस.आई.टी.एन.को कोष :**

१९.१ सि.एस.आई.टी.एन.को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) सि.एस.आई.टी.एन.को चल अचल सम्पत्तिको विक्रिबाट प्राप्त रकम ।

घ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्ति, संघ संस्थाबाट प्राप्त रकम ।

ङ) स्थानिय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

१९.२ सि.एस.आई.टी.एन.मा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरीने छ ।

## २०. खाता संचालन :

सि.एस.आई.टी.एन.को बैंक खाता अध्यक्ष, कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

## २१. कोषको रकम खर्च गर्ने तरिका :

सि.एस.आई.टी.एन.को कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) सि.एस.आई.टी.एन.को वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

**२२. सि.एस.आई.टी.एन.को लेखा र लेखा परिक्षण :**

२२.१ सि.एस.आई.टी.एन.को आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।

२२.२ सि.एस.आई.टी.एन.को लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुने छ ।

२२.३ नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई सि.एस.आई.टी.एन.को हिसाव किताब जाँच गर्न गराउन सक्नेछ ।

२२.४ लेखा परिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति समितिबाट हुनेछ ।

२२.५ सि.एस.आई.टी.एन.को लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, र सम्बन्धित निकायमा पेश गरिने छ ।

# परिच्छेद - ७

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

**२३. निर्वाचन सम्बन्धि व्यवस्था :**

२३.१ कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समिति गठन गरिने छ ।

२३.२ निर्वाचन समितिले प्रचलित कानुनको परिधी भित्र रहेर निर्वाचन कार्यविधी आफै व्यवस्थित गर्ने छ ।

२३.३ निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो लगाउन निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

२३.४ निर्वाचन सम्पन्न भए पछि निर्वाचन समितिको स्वत: विघटन हुनेछ ।

## २४. उम्मेदवार हुने योग्यता :

कार्य समितिको पदाधिकारीमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपेर्न छ ।

२४.१ B.Sc.CSIT अध्ययन गरिरहेको हुनु पर्नेछ र यस संस्थाको साधारण सदस्यता लिएको हुनुपर्ने ।

२४.२ कार्य समितिको महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सहकोषाध्यक्ष पदको लागि कम्तिमा B.Sc.CSIT दोस्रो वर्ष अध्ययन गरिरहेको हुनु पर्नेछ र कम्तिमा एक कार्यकाल कार्य समितिमा रहि काम गरेको हुनु पर्ने ।

२४.३ अध्यक्ष र उपाध्यक्षको लागि कम्तिमा B.Sc.CSIT तेस्रो वर्ष अध्ययन गरिरहेको हुनु पर्ने र कम्तिमा दुई कार्यकाल कार्य समितिमा रहि काम गरेको हुनु पर्ने ।

२४.४ विधान बमोजिम कुनै अयोग्यता नरहेको ।

## २५. अविश्वासको प्रस्ताव :

२५.१ अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमका रित पुऱ्याई सि.एस.आई.टी.एन.मा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली वा अंग्रेजी भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्नेछ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्नेछ ।

२५.२ उपदफा १ बमोजिम सि.एस.आई.टी.एन.मा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी सि.एस.आई.टी.एन.को साधारण सभा बस्ने सुचना दिइने छ ।

२५.३ अविश्वासको प्रस्ताव माथी छलफलको प्रक्रिया :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उपदफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव जुन पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकत गर्न चाहने बढीमा अन्य तीन सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति नि सक्नेछ ।

ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्न व्यक्तिले ती पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भानाईहरु राख्न अनुमति दिइने छ ।

२५.४ अविश्वासको प्रस्ताव माथि निर्णय :

क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषण गर्ने छ ।

ख) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकत गर्ने अर्को समुहमा छुट्याएर वा साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षयमा गोप्य मतदान गराएर :

अ) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति पदमुक्त हुनेछन् ।

आ) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाउने छैन ।

## २६. विधान संशोधन :

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र सि.एस.आई.टी.एन.को मूल मर्मलाई असर नपर्ने गरी कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारीश गरि पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र सि.एस.आई.टी.एन.को कुनै दफा संशोधन वा खारेज भएको मानिने छ।

## २७. नियम बनाउन सक्ने :

२७.१ सि.एस.आई.टी.एन.ले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गर्नुपर्ने छ।

२७.२ यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही सि.एस.आई.टी.एन.को कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेट।

## २८. कर्मचारी व्यवस्था :

सि.एस.आई.टी.एन.को दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्धी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। सि.एस.आई.टी.एन.ले विदृशी

सहयोग प्राप्त गरी सि.एस.आई.टी.एन.को संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी एवं सम्बन्धित निकायमा जानकारी गराइने छ ।

## २९. सि.एस.आई.टी.एन. खारेजी :

२९.१ यदि सि.एस.आई.टी.एन.को खारेजी आवश्यक देखिएमा संस्थापना देखी वर्तमान सम्मका कार्य समितिको अध्यक्ष सहितको कार्य समितिमा २ र ३ सदस्यहरुबाट प्रस्ताव भएमा साधारण सभाले सि.एस.आई.टी.एन. खोरेजी गर्ने सक्नेछन् ।

२९.२ उपदफा १ बमोजिम सि.एस.आई.टी.एन.को खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको काममा लागि सि.एस.आई.टी.एन.को हिसाब किताब गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

२९.३ उपदफा २ बमोजिम नियुक्त लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ । यसरी कारणवस सि.एस.आई.टी.एन. विघटन भई खारेज सि.एस.आई.टी.एन.को दायित्वको फरक फरक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३०. ब्याख्या :**

यो विधान र विधान अन्तर्गत बनेको नियम बिनियमको ब्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१. गोप्यता भंग गर्न नहुने :**

यस सि.एस.आई.टी.एन.काा कुनै पनि पदाधिकारी वा सदस्यले सि.एस.आई.टी.एन.को अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

**३२. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र सि.एस.आई.टी.एन. दर्ता ऐन नियम र प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन् ।

**३३. निर्देशनको पालना :**

नेपाल सरकार वा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु सि.एस.आई.टी.एन.को कर्तव्य हुनेछ ।

**३४. तदर्थ समिति :**

३४.१ यो सि.एस.आई.टी.एन. स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले १ वर्ष भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी दफा १३ बमोजिम नयाँ कार्य समितिको निर्वाचन गराउने छ।

३४.२ प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेको काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ।

३४.३ उपदफा १ बमोजिम साधारण सभा नबोलाए सम्म तदर्थ समिति ११ सदस्य समिति हुनेछ।

**३५.** हामी सि.एस.आई.टी.एन.का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्म साक्षीको रोहवरमा निम्न व्यक्तिहरु विधानमा सहीछाप गर्दछौ।